आज मिति २०७८ साल फागुन ०३ गते मंगलबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को १०औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२०५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |

| | | | | |
|---|---|---|---|---|
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि. प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री हिमा देवी कुँवर | का.वा. वडा अध्यक्ष वडा नं. ८ | | |
| २. | श्री नृप विश्वकर्मा | कानुन शाखा उ.प्र. | ९८४८६०४१२० | |

प्रस्तावहरु

१. रिपोर्टिङ
२. राष्ट्रिय प्रजातन्त्र दिवस सम्बन्धमा ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
४. एकिकृत बस्ती विकास कार्यक्रम सम्बन्धमा ।
५. विभिन्न कार्यविधिहरुको संशोधन सम्बन्धमा ।
६. विभिन्न कार्यविधिहरुको खारेजी तथा ऐनमा रुपान्तरण सम्बन्धमा ।
७. ऐन संशोधन सम्बन्धमा ।
८. ऐन पारित सम्बन्धमा ।
९. आठौं नगरसभा तयारी सम्बन्धमा ।
१०. साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर अछामको जग्गाधनी प्रमाण पूर्जा सम्बन्धमा ।
११. स्वास्थ्य विमा सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।
१२. गरिब घरपरिवार परिचय पत्र वितरण सम्बन्धमा ।
१३. श्रेणी विहिन कर्मचारीहरुको स्थायी पदपूर्ति माग गर्ने सम्बन्धमा ।
१४. विविध

**<u>निर्णयहरुः</u>**

**निर्णय नं. १**
प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७८ साल माघ २७ गते सम्पन्न नवौं कार्यपालिका बैठक यता नगरपालिकाबाट भए गरेका कार्यक्रमहरु नगर शिक्षा समितिको बैठक सम्पन्न, यही मिति २०७८ साल फागुन १५ गते भित्र अनिवार्य रुपमा स्वास्थ्य विमा गर्न जनप्रतिनिधी तथा कर्मचारीहरुलाई निर्देशन, स्वास्थ्य विमा कार्यान्वियन गर्ने कार्यमा आधारित रही प्रेस विज्ञप्ती जारी तथा पत्रकार सम्मेलन, गरिब घरपरिवार परिचय पत्र वितरण सहयोग समन्वय समितिको बैठक सम्पन्न र गरिब परिचय पत्र वितरण नगरिएका वडाहरुमा परिचयपत्र वितरण गर्ने निर्णय तथा अन्य समसामयिक कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यही मिति २०७८ साल फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा यस साँफेबगर नगरपालिकामा फागुन ६, ७ र ८ गतेका दिन साँझपख दीप प्रज्वलन गरी ३ दिन सम्म मनाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० का लागि रोजगारीमा समावेश हुन नियमानुसारको तोकिएको मापदण्ड पुरा गरेका बेरोजगार व्यक्तिहरुका लागि यही मिति २०७८ साल फागुन १ गते देखि २०७८ साल फागुन मसान्तको समयावधि भित्र ईच्छुक बेरोजगार व्यक्तिहरुले सम्बन्धित वडा कार्यालयमा गई रीतपूर्वक फाराम भर्न लगाउने र फाराम भर्दा अघिल्लो आ.व.हरुमा कामको अवसर नपाएका व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्थाका लागि यस नगरपालिका अन्तर्गतका १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग अन्तर्गत उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रमको छनौटमा परेका स्थानीय तहहरुको लागि आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०७८ साल माघ १० गतेको प्रकाशित सूचनानुसार यस साँफेबगर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरु प्रस्ताव गरी पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने क्षेत्र | आयोजना सञ्चालन हुने आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | एकीकृत बस्ती विकास कार्यक्रम | क। साँफेबगर न.पा. ९ **ऐराडा**<br>ख। साँफेबगर न.पा. १२ **भेरासैन** | २०७८/०७९ | |
| २. | साँफेबगर पुलबजार देखि सिस्ने सम्म तटबन्धन | साँफेबगर न.पा. वडा नं.१,२,३, ४, ७ र ८ | २०७८/०७९ | |
| ३. | कुप्सैन कालिका टोल खानेपानी निर्माण | साँफेबगर न.पा. १ बैजनाथ | २०७८/०७९ | |
| ४. | वडा कार्यालय भवन निर्माण | साँफेबगर न.पा.वडा नं. **८, १० र ११** | २०७९/०८० | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत बनेका तपसिल बमोजिमका कार्यविधीहरु संशोधन गर्नुपर्ने भएकोले उक्त कार्यविधिहरु निम्नानुसार संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | कार्यविधीको नाम | संशोधन गरिएको अवस्था |
|---|---|---|
| १. | नगरसभा सञ्चालन कार्यविधी | प्रदेश कानुन बमोजिम संगती मिलाई संशोधन गरिएको । |
| २. | एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधी | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ मा एकीकृत सम्पत्ति कर सम्बन्धी व्यवस्था संशोधन भई सम्पत्ति कर मात्र भएकोले सोही बमोजिम संशोधन गरिएको । |
| ३. | राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी | पुरै संशोधन |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत बनेका केही कार्यविधिहरु खारेज गरी ऐनमा रुपान्तरण गर्नुपर्ने भएकोले तपसिल बमोजिमका कार्यविधीहरु ऐनमा रुपान्तरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | ऐनमा रुपान्तरण गरिएका कार्यविधीको नाम | रुपान्तरित ऐन |
|---|---|---|
| १. | कृषि प्रबर्द्धन कार्यविधी २०७५ | कृषि तथा पशुपंक्षी ऐन २०७८ |
| २. | एफ.एम. रेडियो सञ्चालन कार्यविधी | एफ.एम. रेडियो सञ्चभालन तथा व्यवस्थापन ऐन २०७८ |
| ३. | स्वास्थ्य तथा सरसफाई कार्यविधी २०७५ | स्वास्थ्य तथा सरसफाई ऐन २०७८ |
| ४. | नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली | नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७८ |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत बनेका केही ऐनहरु संशोधन गर्न आवश्यक भएकोले तपसिल बमोजिमका ऐनहरुमा आवश्यक संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | ऐनको नाम | संशोधित बुँदा |
|---|---|---|
| १. | साँफेबगर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ | |
| २. | सहकारी ऐन २०७५ | |
| ३. | शिक्षा ऐन २०७६ | |
| ४. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने उपायका सम्बन्धमा बनेको ऐन २०७५ | |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत केही ऐनहरु तयार गरी कार्यान्वयन गर्न आवश्यक भएकोले तपसिल बमोजिमका ऐनहरु पारितको लागि साँफेबगर नगरसभाको आठौं अधिवेसनमा प्रस्तावित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | ऐनको नाम |
|---|---|
| १. | बजार व्यवस्थापन तथा उपभोक्ता हकहित संरक्षण ऐन २०७८ |
| २. | लघु,घरेलु तथा साना उद्योग दर्ता सम्बन्धी ऐन २०७८ |
| ३. | बन ऐन २०७८ |

| | |
|---|---|
| ४. | तथ्यांक, अभिलेख व्यवस्थापन सम्बन्धी ऐन २०७८ |
| ५. | अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन ऐन २०७८ |
| ६. | संघ संस्था दर्ता तथा नवीकरण ऐन २०७८ |
| ७. | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७८ |
| ८ | फोहरमैला व्यवस्थापन ऐन २०७८ |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरसभाको आठौं अधिवेसनको पूर्व तयारीको लागि यस पूर्व गठित समितिहरुलाई नै जिम्मेवारी प्रदान गरी पूर्व तयारीको कार्य तदारुकताका साथ अघि बढाउन निर्देशन गर्ने र नगरसभाको आठौं अधिवेसनको सहजीकरणका लागि तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरुलाई खटाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरा
२. स.क.अ. श्री मुक्तिनाथ जोशी
३. उ.प्र. श्री नृप विश्वकर्मा
४. सा.स. श्री रतन कुमारी बोहरा के.सी.
५. का.स. श्री डबल बहादुर के.सी.
६. कास. श्री कर्ण सिंह बुढा
७. का.स. श्री हिरण्ड बहादुर कुँवर
८. स्वीपर श्री ईश्वरा कुँवर
९. हसचा श्री महेन्द्र बहादुर शाह
१० हसचा श्री गौरब बिष्ट
११ हसचा श्री हिक्मत लोहार

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा तत्कालिन मष्टामाण्डौं गा.वि.स.को कार्यालयको भोगचलनमा रही हाल यस साँफेबगर नगरपालिकाको कार्यालय भवन रहेको जग्गा यस साँफेबगर नगरपालिकाको नाममा अछाम जिल्ला विशेष नापी कार्यालयबाट नाप नक्सा भईसकेको र सो जग्गा हाल सम्म यस नगरपालिकाकै भोगचलनमा रही साँफेबगर नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय भवन रही सोही भवन मार्फत प्रशासनिक कार्य सञ्चालनमा रहेको अवस्थामा यस साँफेबगर नगरपालिकाको नाममा जग्गाधनी प्रमाण पूर्जा उपलब्ध हुन नसकेकोले जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन मालपोत कार्यालय अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्वास्थ्य विमा सम्पर्क व्यक्तिको रुपमा सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरालाई तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत गरिब घरपरिवार परिचय पत्र वितरण गर्न बाँकी रहेका वडाहरुमा तपसिल बमोजिमको मिति, समय र स्थानमा परिचय वितरण कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा नं. | वितरण मिति | समय | स्थान |
|---|---|---|---|
| ३ | २०७८ फागुन ०८ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| ५ | २०७८ फागुन ०९ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| ८ | २०७८ फागुन १५ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| ११ | २०७८ फागुन १३ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| १२ | २०७८ फागुन ११ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| १३ | २०७८ फागुन २३ गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |
| १४ | २०७८ फागुन २० गते | मध्यान्ह १२ बजे | वडा कार्यालय भवन |

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।